# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

प्रकृतिपूजक चेपाङ समुदायको महत्वपूर्ण पर्व छोनाम अर्थात् न्वाँगी आज भदौ २२ मा मनाइँदैछ। नयाँ अन्न खाने दिनका रुपमा मनाइने न्वाँगी पर्व चेपाङ जातिको जीवनशैली र संस्कृतिसँग जोडिएको पाइन्छ । भीरपाखामा बस्न रुचाउने चेपाङ समुदायले पाखापखेरामा लगाएको मकै-धान र फलफूल भदौमा पाक्ने भएकाले यही महिनामा न्वाँगी धुमधामसँग मनाउने गरिएको हो। छरछिमेकी,नाताकुटुम्ब निम्ता गरी सामूहिक भोज, नाचगानसहित रातभर जागा बस्ने र सुखदुःख साट्ने पर्वका रुपमा न्वाँगीलाई लिइन्छ। यस सन्दर्भमा बागमती प्रदेश तथा देशका विभिन्न जिल्लामा बसोबास गर्ने चेपाङ दाजुभाई, दिदिबहिनी तथा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चेपाङ् समुदाय नेपालको बागमती प्रदेशको चितवन, मकवानपुर र धादिङ तथा देशका अन्य विभिन्न ३१ जिल्लामा बसोबास गर्दछन्। बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताले भरिपूर्ण नेपालमा न्वाँगी जस्ता पर्वले विविधताभित्र एकता, धार्मिक सहिष्णुता एवं भातृत्व विकासमा महत्वपूर्ण टेवा पुऱ्याउदछ। साथै, चेपाङहरुको भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण गर्न यो पर्वले महत्वपूर्ण भूमिका खेल्दछ। हाम्रो देशमा लोपोन्मुख जातीका रुपमा रहेका चेपाङ समुदायको उत्थान तथा प्रगतिमा समेत यस्ता पर्वले सघाउ पुऱ्याउने विश्वास राख्दै यस न्वाँगी पर्वको पुनःएक पटक शुभकामना व्यक्त गर्दछु।

२०८० भदौ २२ गते, शुक्रबार

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख